आज मितिः२०७७।०८।२१ गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कुमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | |
| २२ | गेहेन्द्र बहादुर डाँगी. | सचिव | |

Scanned with CamScanner

बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, कपिलवस्तु नेपाल

मितिः २०७७।०८।२१

**कार्यपालिका बैठकका प्रस्तावहरु-**

१. प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन सम्बन्धमा।
२. कृषि तथा पशुजन्य वस्तुको नगर निकासी तथा विज्ञापन करको ठेक्का व्यवस्थापन सम्बन्धमा।
३. कपिलधाम देखि मोतिपुरडाँडा चक्रपथ नयाँ ट्रेक सम्बन्धमा।
४. मदन आश्रित र वि.पी. स्मृती भवनको बजेट सम्बन्धमा।
५. डिजिटल प्रोफाईलको म्याद थप सम्बन्धमा।
६. बालमैत्री सहजकर्ता र समिति सम्बन्धमा।
७. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकन सम्बन्धी कार्यविधी, २०७७ बमोजिमको सहजिकरण समिति गठन सम्बन्धमा।
८. लघु उद्यम विकास समिति गठन सम्बन्धमा।
९. लमही-बुटवल रेल्वे लाईनको वातावरणीय प्रभाव मूल्यांकन (EIA) सम्बन्धमा।
१०. आ.व.०७५।७६ को म.ले.प. अन्तिम प्रतिवेदन सम्बन्धमा।
११. चालु आ.व.को प्रथम चौमासिक आय व्यय सम्बन्धमा।
१२. कोभिड विशेष कार्यक्रम संचालन र फलफूल दशक अन्तर्गत विरुवा रोपण कार्यक्रम सम्बन्धमा।
१३. स्वास्थ्य कर्मीहरुको कोभिड जोखिम भत्ता सम्बन्धमा।
१४. जीतपुर फ्युज सेवा केन्द्रलाई वितरण केन्द्र बनाउने सम्बन्धमा।
१५. पशुसेवा शाखाको कार्यक्रम संसोधन सम्बन्धमा।
१६. ४ नं. जीतपुर - तौलिहवा- खुनुवाको सडक सम्बन्धमा।
१७. विविध।

**निर्णयहरु:-**

**निर्णय नं. १**

यस बाणगंगा नगरपालिका भित्र रहेका (बाणगङ्गा, कोईली र घिरि) नदी तथा खोलाहरुबाट व्यवस्थापन गरिने नदीजन्य पदार्थको लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्न मितिः२०७७।०५।३१ मा आरम्भ कन्सल्टेन्सी प्रा.लि.संग सम्झौता भई IEE कार्य शुरुवात भएको र मितिः२०७७।०८।१५ गते उक्त कन्सल्टेन्सीबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को अन्तिम प्रतिवेदन पेश भई आएकोले उक्त प्रतिवेदनहरु स्वीकृत गर्ने।

**निर्णय नं.२**

यस नगरपालिकाको आ.व.०७७।७८ को लागि आय व्ययको प्रक्षेपणमा कृषि तथा पशुजन्य वस्तुको व्यवसायीक कारोबारको अनुमानित आम्दानी रु.२०,००,०००।- रहेको तर विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरसका कारण आर्थिक बर्षको शुरुवात देखिनै लकडाउन भई ठेक्का व्यवस्थापनमा प्रभाव पर्न गएकोले उपरोक्त बमोजिमको अनुमानित आम्दानी भएता पनि कृषि तथा पशुजन्य वस्तु, कबाडीजन्य वस्तु र विज्ञापन कर समेतको आय ठेक्का गतबर्षको न्यूनतम दररेटमा हुने गरि तत्काल ठेक्का प्रक्रिया अगाडी बढाउने।

**निर्णय नं.३**

बाणगङ्गा नगरपालिकाको एकिकृत शहरी विकास योजनामा उल्लेखित ड्रईङमा भएको चक्रपथको नयाँ ट्रेक रेखांकनलाई पुनः प्राविधिक विश्लेषण गरेपश्चात कुन विन्दुबाट नयाँट्रिक सुरु गर्ने भनि समिक्षाबाट आएको निष्कर्ष अनुसार शुरुवात गर्ने।

Scanned with CamScanner

**निर्णय नं.४**

बाणगङ्गा नगरपालिकाको आ.व.०७७।७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार पूर्वाधार विकास अन्तर्गत नगरस्तरीय योजनाको निम्नानुसारको सि.नं. र पेजमा भएका योजनाहरुको नगरसभा मार्फत अनुमोदन हुनेगरि हाललाई शिर्षकान्तर गर्ने ।

| क्षेत्र | सि.नं. | पेज नं. | योजनाको नाम | संसोधन गर्ने |
|---|---|---|---|---|
| पूर्वाधार विकास | ८ | ८६ | मदन आश्रित स्मृती भवन निर्माण सुधार | मदन आश्रित स्मृती भवन निर्माण नगद अनुदान |
| | ९ | ८६ | बिपी स्मृती भवन निर्माण सुधार | बिपी स्मृती भवन निर्माण नगद अनुदान |

**निर्णय नं.५**

यस बाणगङ्गा नगरपालिकाको डिजिटल नगर प्रोफाईल तयारीको लागि सम्झौता गरि कार्य प्रारम्भ हुँदै आएकोमा सम्झौताको लगतै महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) का कारण अघिल्लो आर्थिक बर्ष तथ्यांक संकलन कार्य हुन नसकेको र मिति २०७७।०३।१० को नगरसभाबाट २०७७ असौज मसान्त सम्म म्याद थप भई आएको तर त्यस पश्चात पनि कोरोना भाईरसको महामारीको प्रभावका कारण जिल्ला प्रशासन कार्यालयबाट लकडाउनको सार्वजनिक सूचना जारी गरेको र तथ्यांक संकलन कार्य पूर्ण रुपमा हुन नसकेको त्यसपश्चात नगर कार्यपालिकाको मितिः२०७७।०६।२८ गतेको बैठकबाट कार्तिक मसान्त सम्म म्याद थप गरि आएको र विभिन्न ६ वटा कारण देखाई पुनः पुष मसान्त सम्म म्याद थपको अनुरोध भई आएको र प्रारम्भिक मस्यौदा समेत प्राप्त भएकोले मस्यौदामा रहेका शुद्धा शुद्धी र देखिएका त्रुटीहरुलाई सुधार गरि बांकी काम सम्पन्न गर्ने गरि २०७७ साल पौष मसान्त सम्म म्याद थप गर्ने ।

**निर्णय नं.६**

साविकमा गत आर्थिक बर्षमा बालमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यक्रमको वडाले संचालन गर्ने क्रियाकलापहरुमा सहजीकरण गर्न खटिएका सहजकर्ताहरुलाई २०७७ मंसिर १ गतेदेखि लागु हुने गरि सम्बन्धीत वडाको सिफारिस अनुसार पुन कामकाजमा लगाउने र सहजकर्ता नभएको र वडाको सिफारिस बमोजिम निरन्तरता नभएको वडामा सहजकर्ताको ब्यवस्थापन गर्ने । साथै नगरस्तरीय बालमैत्री समितिमा निम्नानुसारका व्यक्तिहरुलाई मनोनित गर्ने ।

- स्थानीय स्वास्थ्यसंस्था व्यवस्थापन समितिबाट वडा नं. ९ का अध्यक्ष श्री ध्रुव बेल्बासे
- नगरपालिकामा कार्यरत महिला शिक्षिका मध्येबाट सिद्धार्थ नि.मा.वि. गजेहडा का शिक्षिका प्र.अ. श्री सिर्जना न्यौपाने
- महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्येबाट बुद्ध दर्शन सहकारी (वडा नं. ७) का अध्यक्ष श्री कस्तुरा थापा भुसाल
- महिला तथा बालबालिका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट - सिद्धार्थ सामाजिक विकास संस्थाको प्रतिनिधि

**निर्णय.७**

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधी, २०७७ को दफा ३ मा व्यवस्था भए अनुसार निम्नानुसारको सहजीकरण समिति गठन गर्ने ।

| | | |
|---|---|---|
| संयोजक | - | श्री मंगल प्रसाद थारु (नगर प्रमुख) - बाणगंगा नगरपालिका |
| उपसंयोजक | - | श्री चक्रपाणि अर्याल (नगर उपप्रमुख) - बाणगंगा नगरपालिका |
| सदस्य | - | नगरमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रमुख वा निजले तोकेको प्रतिनिधि (कार्यपालिकाको अर्को बैठकबाट निर्णय गर्ने) |
| सदस्य | - | श्री पूर्णकला सुनार - कार्यपालिका सदस्य |
| सदस्य | - | श्री सरिता ढकाल - कार्यपालिका सदस्य |
| सदस्य | - | संयोजकले मनोनयन गरेका भूमी, आवास लगाएतका क्षेत्रमा काम गरिरहेका संघसंस्था संगठन वा नागरिक समाजका प्रतिनिधि (कम्तिमा १ महिला सहित २ जना) (कार्यपालिकाको अर्को बैठकबाट निर्णय गर्ने) |
| सदस्य सचिव | - | प्रमुख प्रशासकीय अधिकृत, बाणगंगा नगरकार्यपालिकाको कार्यालय |

Scanned with CamScanner

**निर्णय नं.८**

गरिवि निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको उद्यम विकास समिति गठन गर्ने ।

| | | | |
|---|---|---|---|
| संयोजक | - | श्री मंगल प्रसाद थारु - बाणगंगा नगरपालिका - | नगर प्रमुख |
| सदस्य | - | श्री चक्रपाणि अर्याल - बाणगंगा नगरपालिका - | नगर उपप्रमुख |
| सदस्य | - | श्री प्रमुख प्रशासकीय अधिकृत - बाणगंगा नगरकार्यपालिकाको कार्यालय | |
| सदस्य | - | कार्यक्रम लागु भएको वडाको महिला सदस्य | |
| सदस्य | - | श्री अमृता बुढाथोकी वडा नं. ८, महिला उद्यमी | |
| सदस्य | - | श्री तुल्सी थापा - बिहानी सामाजिक महिला उद्यमी स.स. लि . वडा ५ | |
| सदस्य सचिव | - | शाखा प्रमुख (प्रशासन शाखा) - बाणगंगा नगरकार्यपालिकाको कार्यालय | |

**निर्णय नं.९**

लमही-बुटवल खण्डको रेलवे लाईनको लागि वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन माथि राय सुझाव भए पेश गर्न वन तथा वातावरण मन्त्रालय सिंहदरबारबाट पत्र प्राप्त भएको तर उक्त प्रतिवेदनमा यस नगरपालिकाको क्षेत्र भित्र पर्ने स्थानहरु कुनकुन भएको भन्ने प्रतिवेदनमा अस्पष्टता भएकोले सम्बन्धीत मन्त्रालयमा अध्ययनको विन्दुहरु देखिने GPS Point हरु माग गर्ने र आएको GPS Point हरुलाई बैठकमा पेश गर्ने ।

**निर्णय नं.१०**

यस बाणगङ्गा नगरपालिकाको आ.व. २०७५।०७६ को पहालेखा परीक्षकको कार्यालयले दिएको अन्तिम प्रतिवेदनमाथी छलफल भयो सो सम्बन्धमा म. ले. प. कार्यालयले दिएका सुझाव सल्लाह मननोयन र कार्यान्वयन योग्य भएकोले र नगरपालिकाकको वित्तिय सुशासन कायम राख्न समेत सहयोग गर्ने भएकोले उक्त प्रतिवेदनमा औल्याएका दफालाई कार्यान्यवन गर्ने ।

**निर्णय नं.११**

चालु आ.व. २०७७।७८ को चौमासिक आय ब्ययको प्रगति कार्यपालिका बैठकमा प्रस्तुत भयो । सो प्रगति अनुसार आन्तरीक आम्दानी तर्फ रु. ६० लाख र खर्च तर्फ १६ करोड अर्थात (१३%) वित्तिय प्रगति भएको र भौतिक तर्फ ५% प्रगति भएको सोही अनुसार गर्ने ।

| सि.नं. | विवरण | आय रू. | ब्यय रू. | कैफियत |
|---|---|---|---|---|
| संघीय | | १८७८२५६११।- | ११८२३७०००।- | |
| १ | समानीकरण अनुदान | ४७२७५०००।- | २६२७४०००।- | |
| २ | शसर्त अनुदान | १०४१२५०००।- | ७८६६३०००।- | |
| ३ | राजस्व बाँडफाँड | ३६४२५६११।- | १३३०००००।- | |
| प्रदेश | | ८३१००६३८।- | २१५५५०००।- | |
| १ | समानीकरण अनुदान | १५६९५००।- | ०।- | |
| २ | शसर्त अनुदान | ४४६२०००।- | ०।- | |
| ३ | विशेष अनुदान | १७५००००।- | ०।- | |
| ४ | समपूरक अनुदान | ५००००००।- | ०।- | |
| ५ | राजस्व बाँडफाँड | ०।- | ०।- | |
| ६ | आन्तरिक स्रोत अल्या | ६४१५६९६५।- | २१५५५०००।- | |
| ७ | आन्तरिक स्रोत | ६१६२१७३।- | | |
| जम्मा | | २७०९२६२४९।- | १३९७९२०००।- | १३.९४ हाल सम्मको खर्च प्रतिशत |
| १ | कुल अनुमानित आय | १००२५६५४३०।- | | |
| २ | हाल सम्मको वास्तविक आय | २७०९२६२४९।- | | |
| ३ | हाल सम्मको वास्तविक ब्यय | १३९७९२०००।- | | |
| ४ | चालु खर्च | १८.८२ प्रतिशत | | |
| ५ | पुँजीगत खर्च | १०८ प्रतिशत | | |

Scanned with CamScanner

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं.१२**

- स्थानीय तह मार्फत संचालन हुने कोभिड-१९ विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७७ अनुसार एक स्थानीय तह एक उत्पादन कार्यक्रम संचालनको लागि कार्यक्रम ब्यवस्थापन समितिबाट पेश भएको कार्यक्रम मागको लागि न्युनतम क्षेत्रफल ब्यक्तिगतको लागि कम्तिमा ५ कठ्ठा र सामुहिक खेतीको लागि कम्तिमा २० कठ्ठा तोकी तरकारी खेतीमा तपशिल अनुसारको क्लष्टर बनाइ कार्यक्रम संचालन गर्न स्वीकृति दिने ।

  क्लष्टर नं.१- बाणगंगा नगरपालिकाको वडा नं ३ र ४,
  
  क्लष्टर नं.२- बाणगंगा नगरपालिकाको वडा नं ५ र ६
  
  क्लष्टर नं.३- बाणगंगा नगरपालिकाको वडा नं १० र ११

- फलफूल दशक अन्तरगत स्थानीय तहमा आप विरुवा रोपण अभियान कार्यक्रम संचालनको लागि शसर्त कार्यक्रम अन्तरगत बजेट रु.१०,००,०००|- प्राप्त भएको । **फलफूल दशक कार्यक्रम अन्तर्गत फलफूल विरुवा रोपण तथा फलफूल खेती प्रवर्द्धन कार्क्रम संचानल प्रकृया,** २०७७ अनुसार सार्वजनिक जग्गामा समेत फलफूल विरुवा रोगण कार्यक्रम ३ दखि ५ वर्षे योजना बनाइ संचालन गर्न सकिने हुदा नगरपालिकामा रहेको विरुवा रोपण गर्न सकिने जग्गाको क्षेत्रफल पहिचान तथा अन्य कार्यको लागि वडाबाट आवस्क बिवरण उपलब्ध गराउने ।

**निर्णय नं.१३**

निम्नानुसारका स्वास्थ्य कर्मीहरुलाई २०७७ श्रावण देखि असौज मसान्त सम्मको तपसिल बमोजिमको कोभिड जोखिम भत्ता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को मापदण्डमा रहेर उपलब्ध गराउने ।

| सि.नं. | कर्मचारीको नाम | पद | संस्था | तलव स्केल | खटेको दिन | खटेको दिनले हुन आउने | उपलब्ध गराउने प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री राधा गौतम | ल्याब टेक्निसियन | पिपरा अस्पताल | ३५९००|- | ७५ | ८९७५०|- | १०० | ८९७५०|- |
| २ | श्री सोनिया लुम्रे | ल्याब असिस्टेन्ट | पिपरा अस्पताल | २६६१०|- | ७५ | ६६५२५|- | १०० | ६६५२५|- |
| ३ | श्री सुवास अर्याल | हे.अ. | पिपरा अस्पताल | २८२००|- | ६० | ५६४००|- | १०० | ५६४००|- |
| ४ | श्री राजु सुनारी | हे.अ. | हथौसा हे.पो. | २८२००|- | ७० | ६५८००|- | ५० | ३२९००|- |
| ५ | श्री जीवन खनाल | हे.अ. | कोपवा हे.पो. | २८२००|- | ७० | ६५८००|- | ५० | ३२९००|- |
| ६ | श्री परशुराम थारु | हे.ई. अधिकृत | पटना हे.पो. | ३५९००|- | ५० | ५९८३३|- | ५० | २९९१७|- |
| ७ | श्री ठगराज पौडेल | हे.ई. अधिकृत | नगरपालिका | ३५९००|- | ७० | ८३७६७|- | ५० | ४१८८३|- |
| ८ | श्री भक्तिराम पाण्डे | हे.ई. अधिकृत | नगरपालिका | ३५९००|- | ६० | ७१८००|- | ५० | ३५९००|- |
| ९ | श्रीसुन्दर तरामु | सि.अ.हे.व. | गजेहडा हे.पो. | २८२००|- | ५० | ४७०००|- | ५० | २३५००|- |
| १० | श्री शान्ता पौडेल | ल्याब असिस्टेन्ट | मोतिपुर हे.पो. | २६६१०|- | ७५ | ६६५२५|- | १०० | ६६५२५|- |
| ११ | श्री दुर्गा पोखरेल | स्टाफ नर्स | नगरपालिका | २८२००|- | ५० | ४७०००|- | ५० | २३५००|- |
| १२ | श्री दिपक जैसी | हे.अ. | भलवाड हे.पो. | २८२००|- | ५० | ४७०००|- | ५० | २३५००|- |
| १३ | श्री अमिना खातुन | अ.न.मी. | हथौसा हे.पो. | १६५००|- | ७ | ३८५०|- | ५० | १९२५|- |
| १४ | श्री हिमलाल घिमीरे | हे.ई. अधिकृत | मोतिपुर हे.पो. | ३५९००|- | २४ | २८७२०|- | ५० | १४३६०|- |
| १५ | श्री देवि श्रेष्ठ | हे.ई. अधिकृत | पिपरा अस्पताल | ३५९००|- | १४ | १६७५३|- | ५० | ८३७७|- |
| १६ | श्री राधा सारु | कार्यालय सहयोगी | हथौसा हे.पो. | १३५००|- | ७ | ३१५०|- | ५० | १५७५|- |
| १७ | श्री दुखि थारु | कार्यालय सहयोगी | नगरपालिका | २३८५०|- | ४० | ३१८००|- | ५० | १५९००|- |
| १८ | श्री दिनामणी खनाल | सवारी चालक | नगरपालिका | २३८५०|- | २० | १५९००|- | ५० | ७९५०|- |
| १९ | श्री शंकर पाण्डे | सवारी चालक | नगरपालिका | २३८५०|- | १० | ७९५०|- | ५० | ३९७५|- |
| | | | जम्मा रकम | | | | | ५७७२६२|- |

**निर्णय नं. १४**

बाणगंगा नगरपालिकाको क्षेत्र निकै ठूलो भएको र घरधुरी २०२९४ र ग्राहक संख्या करीव ३५ हजार रहेको एवं विभिन्न समयमा बाणगंगा नगरपालिका क्षेत्रभित्रका ग्राहकहरुबाट विद्युतको अधिकांश काम कारवाहीको लागि तौलिहवा जानुपर्दा विभिन्न कठिनाईहरु पर्ने भएको भनि सबै काम जीतपूरमै व्यवस्था हुनको लागि नगरपालिकाबाट पहल गरिदिन विभिन्न समयमा अनुरोध समेत भई आएकोले हाल रहेको जीतपुर फ्युज सेवा केन्द्रलाई जीतपुर वितरण केन्द्रको रुपमा व्यवस्थापन गरि नगरपालिका भित्रका सबै ग्राहकहरुको विद्युत सम्बन्धी सबै सेवा जीतपुरबाटै हुने व्यवस्थाका लागि नेपाल विद्युत प्राधिकरणलाई सिफारिस गरिदिन नेपाल विद्युत प्राधिकरण तौलिहवालाई पत्राचार गर्ने ।

Scanned with CamScanner

## निर्णय नं. १५

पशु सेवा तर्फको कार्यक्रममा बजेट सिमा आ.व.०७७।७८ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार भएता पनि कार्यक्रमहरुको केही शिर्षकहरुमा त्रुटी देखिएकोले नगरसभावाट अनुमोदन हुने गरि निम्न बमोजिम संसोधन गर्ने ।

| भएको | | | घटाउने रकम रू. हजारमा | संसोधन गर्नु पर्ने | |
|---|---|---|---|---|---|
| क्र.स. | योजना कार्यक्रमको नाम | रकम रु.हजारमा | | योजना कार्यक्रमको नाम | रकम रु. हजारमा |
| १ | साझेदारीमा उन्नत गाईको पकेट क्षेत्र स्थापना सहयोग कार्यक्रम | २५०० | १००० | संघीय सरकार तर्फको लागत साझेदारी कार्यक्रममा सहयोग (गाई पकेट तथा दुध उत्पादन कार्यक्रम) | १५०० |
| २ | एच.एस.बि.क्यू. खोप(भ्यागुते र चरचरे, खोरेत, रेबिज, पि.पि.आर. रोग विरुद्ध) | ६०० | ० | रोग नियन्त्रण सेवा खोप कार्यक्रम | ६१६ |
| ३ | मेला महोत्सवमा स्टल निर्माण | ५० | १५ | मेला प्रर्दशनीमा स्टल निर्माण तथा व्यवस्थापन | ३५ |
| ४ | पशुजन्य पदार्थको लागी बजार प्रवर्द्धन कार्यक्रम (चिलिङ भ्याट, मासु पसल सुधार, डेरी पसल सुधार, च्यापकटर खरीद आदी) | १२०० | ० | ब्यवसायिक पशुपन्छी फार्महरू सुधार तथा बजार प्रवर्दन कार्यक्रम (दुध संकलन केन्द्र,चिलिङ भ्याट,च्यापकटर,डेरी पसल,मासु पसल,ब्यवसायिक गाई/भैसी, बाख्रा,बंगुर फार्म सुधार अनुदान) | २६०० |
| ५ | प्रयोगशाला सेवा (रिएजेण्ट, कटन, स्लाईड आदि खरिद) | १०० | ० | प्रयोगशालाको लागी रिएजेन्टहरू खरीद | १६० |
| ६ | पशु विकास सम्बन्धी अन्तर्क्रिया गोष्ठी | ५० | ० | पशु बिकास सम्बन्धी अन्तरक्रिया/गोष्ठी | ११८ |
| ७ | पशु प्रजनन तथा नश्ल सुधार कार्यक्रम (गाईभैसीमा कृतिम गर्भाधान) | ५०० | ४४६ | पशु प्रजनन तथा नश्ल सुधार कार्यक्रम | ५४ |
| ८ | पशुपंक्षी उपचार सेवा (औषधी खरीद) | ६०० | १०० | पशुपंक्षी उपचार सेवा (औषधी खरीद) | ५०० |
| ९ | गाई/भैसी,बाख्रा,सफा दुध उत्पादन सम्बन्धी ३ दिने तालिम | २५० | ० | गाई/भैसी,बाख्रा,यु.एमएम.बि.,जैबिक सुरक्षा तथा स्वच्छ दुध उत्पादन सम्बन्धी ३ दिने तालिम | ९७५ |
| १० | बिबिध कार्यक्रम अनुगमन तथा अन्य प्रशासनिक | २०० | ० | बिबिध कार्यक्रम अनुगमन तथा प्रशासनिक खर्च | २०० |
| ११ | पशु स्वास्थ्यतथा बाझोपन निवारण शिबिर | २०० | २०० | नभएको कार्यक्रम | ० |
| १२ | न.पा.को प्रत्येक वडाहरुमा स्थलगत परजीबि नियन्त्रण शिबिर १ दिने संचालन गर्ने | ५५० | ० | नगरपालिकाका प्रत्येक वडाहरूहरूमा स्थलगत १ दिने परजीबि नियन्त्रण तथा भेटेरिनरी सेवा संचालन गर्ने | ८२५ |
| १३ | कोभिड प्रभाभित तथा अन्य कृषकहरुको ब्यवसायिक साझेदारी पशुपालन अनुदान कार्यक्म ( गाई/भैसी,बाख्रा,बंगुर माछा फार्महरु सुधार तथा कम्पोष्ट पिट निर्माण आदि ) | २६०० | स्वास्थ्य शाखामा समाबेश भएको । | छुटेका कार्यक्रमहरू समाबेश गर्नुपर्ने | |
| १४ | | | | पशु अहारा सेवा कार्यक्रम (हिउंदे/बर्षे/बहुबर्षे घांसको बीउ,बेर्ना खरीद/ढुवानी बितरण) | १३०० |
| १५ | | | | पशु स्वास्थ्य नियमन कार्यक्रम | १५७ |
| १६ | | | | गरीब बिपन्न परिवारको लागी आय आर्जन बाख्रापालन कार्यक्रम | ३६० |
| पुंजीगत तर्फ | | | | | |
| १७ | भौतिक सामग्री तथा मेशिनरी खरीद | ७०० | ० | सामग्री तथा मेशिनरी खरीद | ७०० |
| | कुल जम्मा | १०१०० | १७६१ | | १०१०० |

## निर्णय नं. १६

नेपाल राजपत्रमा प्रकासित सूचना अनुसार ४ नं. - तौलिहवा-खुनुवा सडकको सडक मापदण्ड २५/२५ मीटर तोकेको सम्बन्धमा माननीय संघीय सभासद् अतहर कमालज्यु, संविधान सभा सदस्य एवं पूर्व लेखा समिति संयोजक डोरप्रसाद उपाध्याय ज्यू समेतको सहभागितामा भेला गरि स्थानीयको समस्या समाधान हुनेगरि आवश्यक पहल गरिदिन यस नगरपालिकालाई अनुरोध भई आएकोले उक्त क्षेत्रका स्थानीयलाई परेको समस्याको तत्काल समाधान गरिदिन जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने र सो अन्तर्गतको सडक दायाँबायाँका जनताहरुको भावना विपरित हुनेगरि कार्य नगर्ने र उक्त क्षेत्रका जनताको सम्स्याको उचित सम्वोधन हुने गरि व्यवस्था मिलाउन सम्बन्धित निकायमा समन्वय गर्ने ।

Scanned with CamScanner

१७. विविध निर्णय

- हाल स्वास्थ्य चौकीहरुमा व्यवस्थापन समितिको नाउँमा खाता संचालन भैरहेको तर स्वास्थ्य संस्थाको व्यवस्थापन तथा संचालनको कार्य नगरपालिका मार्फत हुँदै आएकोले सबै स्वास्थ्य चौकी व्यवस्थापन समितिको नाउँमा रहेको खाता बन्द गर्ने र खातामा रहेको रकम राजस्व आम्दानीको रुपमा संचित कोषमा दाखिला गर्ने र अब उप्रान्त हुने आम्दानी सिधै नगरपालिकाको संचितकोष खातामा दाखिला हुने व्यवस्था मिलाउने र समितिको खाताबाट तलब भुक्तानी दिईएका कर्मचारीहरुलाई नगरपालिकाबाट सम्झौता गरि व्यवस्थापन गर्ने।
- सामुदायिक अस्पतालमा संचालित आँखा अस्पताल व्यवस्थापनको लागि फर्निचर सहयोग माग भई आएकोले सम्बन्धीत पक्षसंग छलफल गरि आवश्यक प्रक्रिया अगाडी बढाउने।
- यस नगरपालिका र अन्तर्गतका वडाहरुमा कार्यरत COVID-19 को बीमा गरेका पदाधिकारी र कर्मचारी संक्रमीत भई दावी गरेको बीमा रकम सम्बन्धीत कम्पनीले नगरपालिकाको खातामा जम्मा गरिदिएमा नगरपालिकाको संचितकोष मार्फत शुत्र प्रणालीमा आवद्ध गरी भुक्तानी गर्ने।
- बाणगंगा नगर कार्यपालिकाको कार्यालय र श्याम सुन्दर/एन.बी. जेभी, बुटवल-१३, रुपन्देहीबीच मितिः२०७४ असार २९ गते कार्यालय भवन निर्माण कार्यको लागि द्वीपक्षीय सम्झौता भई कार्य प्रारम्भ भएको, कार्य सम्पन्न पश्चात मूल्य समायोजन समेतले हुन आउने रकम दावी गरेको सो सम्बन्धमा बाणगंगा नगर कार्यपालिकाको कार्यालयको मितिः २०७६।०३।०९, च.नं. ४७३८ को निर्माण कर्तालाई लेखिएको पत्रानुसार सम्झौता पत्रमा जेसुकै कुरा भएता पनि बिड डकुमेन्टमा मुल्य समायोजन सम्बन्धी व्यवस्था उल्लेख नगरिएकोले बिड डकुमेन्टमा भएको व्यवस्था नै अन्तिम हुने गरि स्परण गराईएको पत्र पठाईएकोमा निर्माणकर्तालाई सो पत्रानुसारको विषय चित्त नबुझी सम्मानित उच्च अदालत तुलसीपुर, बुटवल ईजलासमा रिट निवेदन दायर गरेको र सो अदालतको को मितिः २०७६ साल फागुन १४ गतेको फैसला अनुसार कार्यालयको तर्फबाट मध्यस्थकर्ता समेत नियुक्ती गरि पठाईएको र नेपाल मध्यस्थता परिषद (नेप्का) को मितिः२०७७।०८।२८ मा बैठक समेत भएकोले नगरपालिकाको निर्मित भवनको मूल्य समायोजनको विषयमा सम्बन्धीत निर्माणकर्तासंग वार्ताको माध्यमबाट निकास लिन निम्नानुसारको ७ सदस्यीय वार्ता टोली गठन गर्ने।

वार्ता टोली

| | | |
|---|---|---|
| श्री बिष्णु प्रसाद पौडेल - नगर प्रवक्ता (वडा नं.२ अध्यक्ष) | - | संयोजक |
| श्री गणेश बहादुर क्षेत्री - (वडा नं.४ अध्यक्ष) | - | सदस्य |
| श्री ध्रुव बेल्बासे - (वडा नं. ९ अध्यक्ष) | - | सदस्य |
| श्री भिष्मराज भुसाल - (वडा नं.५ अध्यक्ष) | - | सदस्य |
| श्री रामचन्द्र मरासिनी - आर्थिक प्रशासन शाखा बाणगंगा नगर कार्यपालिकाको कार्यालय | - | सदस्य |
| श्री शान्तराज आचार्य योजना शाखा- बाणगंगा नगरकार्यपालिकाको कार्यालय | - | सदस्य |
| ई.श्री सुरज घिमिरे पूर्वाधार विकास शाखा - बाणगंगा नगर कार्यपालिकाको कार्यालय | - | सदस्य |

Scanned with CamScanner